जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ८५ पृष्ठः ४ | २०८३ साउन ०६ बुधबार (Wednesday 22 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहाको त्रिशुला खोला पुल अलपत्र, वारपार गर्न प्रहरी निरीक्षक मल्ल र स्थानीयले बनाए अस्थायी पुल



**मणिलाल विश्वकर्मा**

लहान, ५ साउन। सिरहाको दक्षिणी सीमावर्ती बरियारपट्टी गाउँपालिका २ र ३ नं. वडालाई जोड्ने त्रिशुला खोलाको पुल निर्माण व्यवसायीले करिब चार वर्षदेखि अलपत्र छोडेपछि आवतजवात गर्न प्रहरी र स्थानीय बासिन्दा मिलेर अस्थायी पुल बनाएका छन्। इलाका प्रहरी कार्यालय महेशपुर पतारका प्रमुख प्रहरी निरीक्षक विशाल मल्लको प्रयासपछि प्रहरी र स्थानीयको सहकार्यमा अलपत्र छोडिएको पुलका निर्माण सामग्री प्रयोग गरेर सोमबार अस्थायी पुल निर्माण गरी आवागमन सहज बनाइएको हो।

बरियारपट्टी–मेदिनीपुर भित्री सडकखण्डअन्तर्गत बरियारपट्टी–२ श्रीपुर र ३ नं. बलुवा गाउँकोचिमा पर्ने खोलामा मनसुनका वेला खोलामा आउने बाढीले आवतजावतमा कठिनाइ भएपछि अस्थायी पुल बनाएर सहज बनाइएको सिरहा प्रहरीका प्रमुख प्रहरी उपरीक्षक वासुदेव पाठकले जानकारी दिए।

महेशपुरपतारी प्रहरी प्रमुख प्रहरी निरीक्षक मल्लका अनुसार आइतबार राति सुरक्षा गस्तीका लागि बरियारपट्टीतर्फ जाँदै गर्दा खोलामा आएको बाढीले पार गर्न नसकेपछि फर्किएर पतारी बजार, सुखीपुर हुँदै करिब १५ किलोमिटर फन्को मारेर जानुपरेको थियो। ‘सुरक्षा गस्तीमा निस्किएका प्रहरीलाई त समस्या भयो, दैनिक ओहोरदोहोर गर्नुपर्ने स्थानीय बासिन्दाले कति सास्ती झेलेका होलान्,’ उनले भने, ‘त्यसको भोलिपल्ट नै स्थानीय बासिन्दासँग सहकार्य गरी दिनभरमा अस्थायी पुल बनायौं।’

खोलामा पुल नहुँदा निरन्तर वर्षाका कारणले त्रिशुला खोलामा बाढी आएपछि मेदिनीपुर पतारी, ब्रह्मपुरी, हरिपुर, बलुवा गाउँ हुँदै हुलाकी सडक खण्डको

–बाँकी दुई पेजमा

## सिरहा ट्राफिकद्वारा रु एक करोड बढी राजस्व सङ्कलन

सिरहा, ५ साउन। जिल्ला ट्राफिक प्रहरी कार्यालय सिरहाले गत आर्थिक वर्ष २०८२/८३ मा रु एक करोड १४ लाख ३६ हजार राजस्व सङ्कलन गरेको छ। सो अवधिमा ट्राफिक नियम उल्लङ्घन गर्ने १३ हजार ४१६ सवारी कारवाहीबाट रु एक करोड १४ लाख ३६ हजार राजस्व सङ्कलन भएको कार्यालय प्रमुख प्रहरी निरीक्षक नवीन मरासिनीले जानकारी दिनुभयो।

आव २०८१/८२ मा ३२ हजार १५७ सवारी चालकमाथि गरिएको कारवाहीबाट रु दुई करोड ५१ लाख १९ हजार ५०२ राजस्व सङ्कलन गरेको थियो। त्यस अवधिमा सिरहा जिल्लामा आव २०८२/८३ मा भएको एक हजार २० सवारी दुर्घटना भएका थिए। ती दुर्घटनमा परी ६२ पुरुष, सात महिला र १२ जना बालबालिकाको मृत्यु भएको थियो भने एक हजार ६७६ जना घाइते भए।

अघिल्लो आव २०८१/८२ मा सिरहामा ९६७ सवारी दुर्घटना हुँदा ६४ पुरुष, १४ महिला र ११ बालबालिकाको मृत्यु भएको थियो। ती घटनामा एक हजार ५५४ घाइते भएका थिए। सडक अवस्था, मानवीय लापरवाही लगायतका कारण सवारी दुर्घटना

–बाँकी तीन पेजमा

## नहरको निकास थुन्दा डुब्यो डरौल गाउँ, २०० बिघा खेत जलमग्न

**सुरेश राय**

सिरहा, ५ साउन। सिरहाको कल्याणपुर नगरपालिका–४ डरौलमा करिब २० वर्षदेखि वडा कार्यालय अगाडिबाट बग्दै आएको नहरको पानीको निकास करिब २५ दिनअघि बन्द गरिएपछि सिंगो गाउँ नै डुबान भएको छ। बेतो नदी तथा वर्षाको पानीले निकास नपाउँदा करिब २०० घरपरिवार र झन्डै २०० बिघा खेतीयोग्य जमिन प्रभावित भएको स्थानीयले बताएका छन्।



स्थानीयका अनुसार परमेश्वरी चौधरी, बिक्रु कलवार र भगती यादव (मलुका)को जमिनबाट वर्षौंदेखि नहरको पानी निकास हुँदैआएको थियो। त्यहाँ रहेको निाकस बन्द गरिएपछि वर्षाको पानी गाउँभरि जम्न थालेको हो। डुबानका कारण धान रोप्न नपाएको र खेतीयोग्य जमिन बाँझो रहने अवस्था आएको स्थानीयले गुनासो गरेका छन्। घर–आँगनमा पानी जम्दा दैनिक जनजीवन पनि प्रभावित बनेको छ, भने आवतजावतमा समस्या बढ्दैगएको छ।

वर्षौंदेखि त्यहींबाट पानी बग्दैआएको थियो। अहिले निकास बन्द भएपछि गाउँ नै डुबानमा परेको छ,’ स्थानीय विहारी यादवले भने, ‘घरभित्र पानी पस्न थालेको छ, खेतीबाली नष्ट हुँदैगएको छ।’ अर्का स्थानीय राजेश यादवले २० औं

–बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## सचेत उपभोक्ता बनौं

- सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः
- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् विक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।
- सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं
- भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## लागुऔषध कारोबारमा प्रहरीको निगरानी कडा

सिरहा जिल्लामा पछिल्ला दिनहरूमा लागुऔषध नियन्त्रण अभियानलाई प्रहरीले थप प्रभावकारी बनाउँदै गएको संकेत देखिएको छ। जिल्लाका दुई छुट्टाछुट्टै स्थानबाट ब्राउनसुगरजस्तो देखिने पदार्थसहित तीन जनाको पक्राउले लागुऔषधको अवैध कारोबार ग्रामीण तथा शहरी दुवै क्षेत्रमा फैलिन थालेको चिन्ताजनक अवस्था उजागर गरेको छ। प्रहरीको निरन्तर निगरानी र सूचनाका आधारमा गरिएको कारबाहीले अपराध नियन्त्रणतर्फ सकारात्मक सन्देश दिएको भए पनि यस्तो कारोबार किन र कसरी विस्तार भइरहेको छ भन्ने विषय अझ गम्भीर अनुसन्धान र सामाजिक बहसको माग गर्दछ।

आइतबार कर्जन्हा नगरपालिका–११ नयाँ टोलस्थित बरफ उद्योग नजिकबाट प्रहरीले प्लास्टिकबाहेक ८८० मिलिग्राम ब्राउनसुगरजस्तो पदार्थसहित दुई युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा कर्जन्हा–९ निवासी करिब ३१ वर्षीय सुनील महरा र कर्जन्हा–११ मा डेरा गरी बस्दै आएका करिब २४ वर्षीय अवधेश महरा रहेका छन्। प्रहरीका अनुसार उनीहरूले लागुऔषधलाई १० वटा साना पोकामा प्याक गरी लुकाएर राखेका थिए। घटनास्थलबाट पाँच हजार ७४० रुपैयाँ नगद, दुई थान एन्ड्रोइड मोबाइल र एक थान किप्याड मोबाइलसमेत बरामद गरिएको छ। हाल उनीहरूलाई मिर्चैया प्रहरीको नियन्त्रणमा राखी थप अनुसन्धान भइरहेको छ।

यसअघि शनिबार गोलबजार नगरपालिका–६ बाट पनि प्रहरीले लागुऔषध बिक्री–वितरण भइरहेको अवस्थामा करिब २७ वर्षीय सुजन थापामगरलाई पक्राउ गरेको थियो। इलाका प्रहरी कार्यालय गोलबजार र लागुऔषध नियन्त्रण ब्युरो शाखाको संयुक्त टोलीले उनलाई २४ वटा साना पोकामा प्याक गरिएको प्लास्टिकबाहेक एक ग्राम २८० मिलिग्राम ब्राउनसुगरजस्तो पदार्थ तथा एक थान मोबाइलसहित नियन्त्रणमा लिएको हो। प्रारम्भिक अनुसन्धानले लागुऔषध बिक्री–वितरणको आशंका देखिएको भन्दै प्रहरीले घटनाको थप अनुसन्धान अघि बढाइरहेको जनाएको छ।

यी दुई घटनाले सिरहामा लागुऔषधको अवैध कारोबार कुनै एक क्षेत्रमा मात्र सीमित नरहेको स्पष्ट पारेका छन्। विशेषगरी ब्राउनसुगरजस्तो घातक लागुऔषध युवामाझ फैलिँदै जानु सामाजिक, आर्थिक र सुरक्षाको दृष्टिले अत्यन्त संवेदनशील विषय हो। सीमावर्ती जिल्ला भएकाले सिरहा लामो समयदेखि विभिन्न किसिमका अवैध गतिविधिको जोखिममा रहने गरेको छ। खुला सीमाको दुरुपयोग गर्दै लागुऔषधको ओसारपसार र वितरण हुने सम्भावनालाई नकार्न सकिँदैन। त्यसैले प्रहरीको नियमित निगरानीसँगै अन्तरनिकाय समन्वयलाई पनि थप सुदृढ बनाउन आवश्यक देखिन्छ।

प्रहरीले पछिल्लो समय सूचनाको आधारमा सञ्चालन गरेका अभियानबाट लगातार सफलता प्राप्त गरिरहेको देखिए पनि पक्राउ मात्र समस्याको स्थायी समाधान होइन। पक्राउपछि अपराधको सञ्जाल कहाँसम्म फैलिएको छ, त्यसका मुख्य सञ्चालक को हुन्, आपूर्ति श्रृंखला कसरी सञ्चालन भइरहेको छ भन्ने विषयमा गहिरो अनुसन्धान आवश्यक छ। केवल खुद्रा कारोबारी पक्राउ पर्दैमा लागुऔषध नियन्त्रणको उद्देश्य पूरा हुँदैन। यसको जरोसम्म पुगेर नेटवर्क नै ध्वस्त पार्न सकिए मात्र यस्ता अभियान प्रभावकारी बन्न सक्छन्। लागुऔषधको बढ्दो प्रयोग र कारोबारले समाजमा चोरी, हिंसा, पारिवारिक विखण्डन तथा अन्य आपराधिक गतिविधिलाई पनि बढावा दिने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन्। विशेषगरी बेरोजगारी, गलत संगत, आर्थिक प्रलोभन र कमजोर सामाजिक निगरानीका कारण धेरै युवा लागुऔषधको दुर्व्यसन तथा कारोबारमा आकर्षित हुने गरेका छन्। त्यसैले नियन्त्रण अभियानसँगै विद्यालय, समुदाय, अभिभावक र स्थानीय तहको संयुक्त सचेतना कार्यक्रमलाई पनि प्राथमिकतामा राख्नुपर्छ।

स्थानीय समुदायबाट प्राप्त सूचनाले प्रहरीलाई यस्ता अपराध नियन्त्रणमा ठूलो सहयोग पुग्ने भएकाले नागरिक सहभागिता पनि उत्तिकै महत्वपूर्ण हुन्छ। लागुऔषध कारोबारको आशंका देखिएमा समयमै प्रहरीलाई जानकारी गराउने संस्कृतिको विकास गर्न सकियो भने यस्ता अपराध नियन्त्रण गर्न अझ सहज हुनेछ।

सिरहा प्रहरीले पछिल्ला दिनमा गरेको कारबाही प्रशंसनीय छ। तर यो सफलता दीर्घकालीन तब मात्र बन्न सक्छ, जब पक्राउसँगै अनुसन्धान, अभियोजन, सीमा निगरानी, जनचेतना र पुनःस्थापनाका कार्यक्रमलाई समानान्तर रूपमा अघि बढाइन्छ। लागुऔषधविरुद्धको लडाइँ प्रहरीको मात्र जिम्मेवारी होइन, सम्पूर्ण समाजको साझा दायित्व हो। समाजका सबै पक्ष एकजुट भएर लागे मात्र युवापुस्तालाई यस घातक दलदलबाट जोगाउन सकिनेछ।

# ओझेलमा ऐतिहासिक पुस्तकालय

**राजु विश्वकर्मा**

जनकपुरधाम, ५ साउन। बिहानको घाम पूर्णरूपमा नउदाउँदै जनकपुरधाम–४ स्थित पुरानो सार्वजनिक पुस्तकालयको ढोका खुल्छ। केहीबेरमै लोकसेवा, शिक्षक सेवा, बैंक, प्रहरी, विश्वविद्यालय तथा अन्य प्रतिस्पर्धात्मक परीक्षाको तयारी गरिरहेका युवायुवतीहरूको भीड लाग्न थाल्छ। सबैको हातमा किताब भए पनि सबैले बस्ने कुर्सी पाउँदैनन्। कतिपय पालो कुर्छन्, त्यतिकै कतिपय फर्किन्छन्।

एकातिर अध्ययन गर्ने युवाको उत्साह बढ्दो छ, अर्कोतिर ज्ञानको प्यास मेटाउने ऐतिहासिक पुस्तकालय भने सरकारी उदासीनताले थलिँदै गएको छ। कुनै समय जनकपुरको बौद्धिक केन्द्रका रूपमा परिचित यो सार्वजनिक पुस्तकालय आज पनि अध्ययनप्रेमीहरूको पहिलो रोजाइ बनेको छ। शान्त वातावरण, पुस्तकहरूको सङ्ग्रह र एकाग्र भएर पढ्न मिल्ने परिवेशका कारण यहाँ दैनिक ठूलो सङ्ख्यामा अध्यनार्थी पुग्ने गरेका छन्। तर बढ्दो चापअनुसार न भवन विस्तार भएको छ, न अध्ययन कक्ष थपिएका छन्, न पर्याप्त कुर्सी टेबल नै।

पुस्तकालयको प्रत्येक सिट भरिएपछि विद्यार्थीहरू भूइँमा बसेर पढ्ने, पालो कुर्ने वा निराश भएर फर्किने दृश्य सामान्य बन्दै गएको छ। "यहाँ पढ्नको वातावरण त उत्कृष्ट छ, तर बस्ने ठाउँ नपाउँदा समस्या हुन्छ", पुस्तकालयमा नियमित अध्ययनका लागि आइरहनुभएका विद्यार्थी शिरिष ठाकुर भन्नुहुन्छ, ''दैनिक धेरै सङ्ख्यामा यहाँ विद्यार्थीहरु आउँछन् तर कुर्सी टेबुल पर्याप्त नहुँदा कोही पालो कुर्छन् त कतिपय भित्र भूईमै बसेर पढ्छन्। कतिपय विद्यार्थी भने बाहिरै चौरमा बसेर पनि पढ्ने गर्छन्।" पुस्तकालयभित्र पङ्खा नहुँदा गर्मी मौसममा विद्यार्थी उकुसमुकुस गरेर पढ्नुपर्ने अवस्था रहेको उहाँको भनाइ छ।

विसं २०१२ सालमा स्थापना भएको उक्त पुस्तकालयमा विद्यार्थीको चाप बढ्दै गए पनि पुस्तकालयमा शौचालय र खानेपानी अर्को ठूलो समस्याको रुपमा देखिएको विद्यार्थीहरु बताउँछन्। ''पुस्तकालय परिसरमा शौचालय छैन्, त्यसैले शौचालयका लागि कि त नजिकैको खुल्ला ठाउँमा शौच गर्नुपर्छ कि सार्वजनिक शौचालय नै पुग्नुपर्ने अवस्था छ", अर्का विद्यार्थी रोहित साह भन्नुहुन्छ,''खानेपानीको पनि अवस्था उस्तै छ, खानेपानीका लागि अन्यत्रै पुग्नुपर्ने बाध्यता छ।" पानी परेको बेला त पुस्तकालयमा अझ बिजोग हुने गरेको उहाँ सुनाउनुहुन्छ।

जनकपुरधामको पवित्र धार्मिक पोखरी गङ्गासागर र धनुषसागरको बीच भागमा रहेको यो पुस्तकालय प्राकृतिक रुपमा त्यति नै उपयुक्त रहे पनि पुस्तकालय बाहिरको वातावरणले थप समस्या बनाइरहेको छ। ''पुस्तकालयभित्रको वातावरण अन्त्यै राम्रो छ तर पुस्तकालय बाहिर सर्वसाधारणहरुले खुल्ला रुपमा गर्ने दिसापिसाबका कारण पुस्तकालय दुर्गन्धित बनेको छ", अर्का विद्यार्थी पङ्कज साह भन्नुहुन्छ, ''गङ्गासागर पोखरीको डिलमा आएर युवाहरुले गाँजा, चरेशलगायतका लागुऔषध प्रयोग गर्ने गरेकाले पनि समस्या भइरहेको छ।" यसबारे स्थानीय प्रशासनलाई समेत जानकारी गराए पनि कुनै पहल नभएको उहाँको दुःखेसो छ।

वर्षौंको इतिहास बोकेको यो पुस्तकालयमा दुर्लभ पुस्तकहरू सुरक्षित छन् तर भवनको जीर्ण अवस्था, सीमित बजेट, नयाँ पुस्तकको अभाव र आधुनिक सुविधाको कमीले यसको गौरव विस्तारै खुम्चिदै गएको छ। २००७ सालको क्रान्तिपछि जनकपुरमा राजनीतिक चेतना जगाउन र प्रजातान्त्रिक आन्दोलनको योजना बनाउन युवाहरूले २०१२ सालमासार्वजनिक पुस्तकालय स्थापना गरेका थिए। यसबीचमा नेताहरूले पुस्तकालयको इतिहास र योगदानको उचित मूल्यांकन नगर्दा यी संस्था लथालिङ अवस्थामा पुगेको हो।

जनकपुरधामको सार्वजनिक पुस्तकालय कुनै सामान्य भवन होइन। दशकौँदेखि यो शहरको बौद्धिक चेतनाको केन्द्रका रूपमा परिचित छ। शिक्षक, साहित्यकार, अनुसन्धानकर्ता, कर्मचारी, विद्यार्थी र पुस्तकप्रेमीको साझा थलोका रूपमा यसले लामो समयदेखि सेवा दिँदै आएको जनकपुरधाम उपमहानगरपालिका–४ का सञ्जिव ठाकुर बताउनुहुन्छ। ''धेरै पुस्तकालय नभएको बेला यो पुस्तकालय स्थापना भएको हो, यसको आफ्नो छुट्टै इतिहास छ", ठाकुर भन्नुहुन्छ, ''यसले थुप्रै कर्मचारी, बुद्धिजीवी र श्रष्टा जन्मायो तर यसको अवस्था खासै सुधार हुन सकेन्।" यो सरकारको नजरमा पर्न सकेन् र यो सरकारी उदासिनताको सिकार भएको उहाँको भनाइ छ।

डिजिटल प्रविधिको विस्तारसँगै पुस्तक पढ्ने बानी घट्दै गएको चर्चा भइरहेका बेला पनि इन्टरनेट, ई–लाइब्रेरी र अनुसन्धानमैत्री सेवा विस्तार हुन नसकेको यो पुस्तकालयमा भने दैनिक विद्यार्थीको चहलपहल बढिरहेको छ। विशेषगरी प्रतिस्पर्धात्मक परीक्षाको तयारी गर्ने युवाहरूका लागि यो पुस्तकालय अझै पनि सबैभन्दा भरपर्दो अध्ययन केन्द्र बनेको छ।

शान्त वातावरण, पुस्तकहरूको विविध सङ्ग्रह र ध्यान केन्द्रित गर्न सकिने परिवेशका कारण धेरै विद्यार्थीले घर वा निजी अध्ययन कक्षभन्दा पुस्तकालयलाई प्राथमिकता दिने गरेको पुस्तकालयमा कार्यरत कर्मचारी रञ्जिता ठाकुर बताउनुहुन्छ। ''पुस्तकालयमा आउने विद्यार्थी दैनिक जसो बढ्दै छ, तर पुस्तकालयको भौतिक संरचना भने समयअनुसार विस्तार हुन सकेको छैन", ठाकुर भन्नुहुन्छ,''एउटै कोठामा पुस्तकालय छ, त्यहीभित्र विद्यार्थीहरु कोचाकोच गरेर पढ्नुपर्ने अवस्था छ।" पुस्तकालयका भवन पुरानो भइसकेकोले बर्षायाम चुहिने गरेको ठाकुरको भनाइ छ।

अध्ययन गर्ने संस्कृतिप्रति युवाहरूको आकर्षण बढ्दै गएको यही समयमा सार्वजनिक पुस्तकालयहरू भने संरक्षणको पर्खाइमा छन्। ज्ञानको मन्दिर मानिने यस्ता संस्थाले पर्याप्त सरकारी प्राथमिकता पाउन सकेका छैनन्। तीन वटै तहका सरकारको उपेक्षामा परेको पुस्तकालयलाई विभिन्न व्यक्ति र दाताहरुबाट चन्दा सङ्कलन गरी सञ्चालन गर्नुपर्ने बाध्यता रहेको पुस्तकालय व्यवस्थापन समितिका अध्यक्ष बलराम मण्डल बताउनुहुन्छ। ''अहिले सम्म पुस्तकालयमा न त सङ्घीय सरकारकै आँखा पुग्न सकेको छ, न त प्रदेश सरकार वा स्थानीय सरकारले नै कुनै सहयोग गरेका छैनन्", अध्यक्ष मण्डल भन्नुहुन्छ,'' पुस्तकालयको समस्या सुनाउँदा पनि कुनै सरकारले सहयोग नगर्दा जेनतेन पुस्तकालय चलाइरहेका छौं।"

''म आफैँ पनि एउटा प्राकृतिक युग मसाज चिकित्सक हुँ", अध्यक्ष मण्डल भन्नुहुन्छ,''जनताको सेवा गरेर कमाएको पैसाबाट परिवार पनि चलाउँछु र पुस्तकालयलाई पनि सहयोग गर्दै आएको छु।" आफ्नै पैसाबाट विद्यार्थीहरुको पढाईमा सहयोग होस् भन्ने उद्देश्यले रु. १५ हजारको लगानीमा पुस्तकालयमा इन्टरनेट वाइफाइ जडान गरेको उहाँ बताउनुहुन्छ। पुस्तकालयको चार कठ्ठा दुई धुर जग्गा भए पनि बजेटको अभावका कारण घेरवार गर्न नसक्दा थप समस्या भइरहेको अध्यक्ष मण्डलको भनाइ छ।

स्थानीय बुद्धिजीवी दिपेन्द्र तिवारीका अनुसार यो केवल एउटा भवन होइन, जनकपुरको बौद्धिक इतिहासको जीवित दस्तावेज हो। ''जनकपुरधाममा यस्ता दुई/तीन वटा पुस्तकालयहरु छन् तर ती पुस्तकालमा खासै चहल पहल हुँदैन्", तिवारी भन्नुहुन्छ,'' तर यो पुस्तकालयमा देखिएको विद्यार्थीहरुको आकर्षणले सकारात्मक सन्देश दिएको छ।" समयानुकूल विद्युतीय तथा इन्टरनेटमा उपलब्ध हुने पुस्तक तथा ज्ञानगुनका कुरा सिक्ने उपकरण राखेर पुस्तकालयलाई आधुनिक ढङ्गबाट सञ्चालनमा ल्याउनुपर्ने धारणा उहाँको छ।

समयमै संरक्षण, आधुनिकीकरण र पूर्वाधार विस्तार गर्नसके यो पुस्तकालय मधेश प्रदेशकै उत्कृष्ट सार्वजनिक अध्ययन केन्द्र बन्न सक्छ। तर बेवास्ता कायमै रहने हो भने यसको ऐतिहासिक पहिचान मात्र होइन, भावी पुस्ताले पाउनुपर्ने ज्ञानको धरोहर पनि सङ्कटमा पर्न सक्ने उहाँको चिन्ता छ। पुस्तकालयमा अध्ययन गर्ने युवाको भिडले एउटा सन्देश दिइरहेको छ, पुस्तक पढ्ने संस्कृतिको अभाव छैन, अभाव छ त त्यसलाई साथ दिने पूर्वाधार र सरकारी प्रतिबद्धताको। त्यसैले इतिहास बोकेको पुस्तकालयको अवस्थामा सुधार ल्याउन सरकारको ध्यान पुग्नु जरुरी छ।

*सिरहाको त्रिशुला ...*

बरियारपट्टीसम्म आवतजावत गर्न स्थानीय बासिन्दाले सास्ती झेल्दै आएका थिए। अस्थायी पुल निर्माण गरिएपछि वर्षा लागेसँगै ठप्प रहेको सडक नियमित भएको छ।

**२० महिनाको ठेक्का, चार वर्षसम्म लम्बियो**

मधेश प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमातहत पूर्वाधार विकास कार्यालय सिरहामार्फत २० महिनामा निर्माण सम्पन्न हुने गरी २१ असार ०७८ मा ६ करोड ९१ लाख ८६ हजार २३६ रुपैयाँमा रसुवा रोसन जेभी जनकपुरले ठेक्का लिएको पुल चार वर्ष बित्दै गर्दा पनि अलपत्र छ।

सिंगल स्पान रहेको ४५ मिटर लामो पुलको करिब तीन महिनाअघि स्ल्याव ढलान गरिएको भए पनि त्यसपछि निर्माण व्यवसायीले नदी नियन्त्रण र एप्रोच सडकको कामसमेत नथालेको स्थानीय बासिन्दाको गुनासो छ। 'पुलको शिलान्यास गर्ने क्रममा २० महिनामा पुलबाट गाडी गुड्ने दाबी गर्ने निर्माण व्यवसायी चार वर्ष बित्दै गर्दा किस्ताकिस्तामा काम गरिरहेका छन्,' बरियारपट्टी– ३ का वडाध्यक्ष विनोदकुमार यादवले भने, 'त्यसको मार सर्वसाधारणले भोगिरहेको छौं।'


**मोटरसाइकल हरायो**

मेरो तपसिल बमोजिका मोटरसाइकल २०८३ असार ६ गते शनिबार को दिन २ रोड भावना दौलतको अगाडीबाट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मलाई सम्पर्क गरी उपलब्ध गराई दिनहुन अनुरोधका लागि यो सूचना जारी गरिन्छ।

प्रदेश २–०१–००१ प ७९४
इन्जन नं. JA05EGK9L36608
चेसिस नं. MBLJAR032K9B47275
कम्पनी : हिरो मोटरसाइकल
सवारी मोडेल : सुपर स्पलेन्डर
बनेको वर्ष : २०१९
नाम : दिपक कुमार साह

सूचना ! सूचना !! सूचना !!!

मितिः २०८३/०४/०६

यस शिक्षालयमा चमेना गृह संचालन गर्न इच्छुक नेपाली नागरिकहरुले शिक्षालयको प्रशासन शाखाबाट उपलब्ध हुने फारम वापत रु.१००।०० (अक्षरुपी : एक सय मात्र ।) शिक्षालयको लेखा शाखामा बुझाई फारम भरी २०८३/०४/०६ गते देखि साउन महिनाको २० गते बुधबार दिनको १२:०० बजे भित्र तपसिलका आवश्यक कागजातहरु सहित शिलबन्दी गरी दरभाउपत्र दर्ता गराउन हुन अनुरोध छ। दरभाउपत्र २०८३ साउन २९ गते दिउंसो २:०० बजे शिक्षालयको बैठक कक्षमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ। सामाग्रीहरुको कवोल दर रेट रकमलाई जम्मा गर्दा न्यूनतम कवोल गर्ने दरभाउपत्र दातासंग चमेना गृह संचालन गर्न सम्झौता गरीनेछ। साथै चमेना गृह संचालन गर्न चमेना गृह भवन, पानी, न्युनतम फर्निचर र शौचालय समेत यस शिक्षालयले उपलब्ध गराईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

१. नागरिकताको फोटोकपी।

२. फर्म दर्ताको फोटोकपी।

३. धरौटी रकम (कबुल गरेको रकमको ५% रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय लहान, सिरहाको च.हि.न. २२६०१०००००६१७००१ मा जम्मा गरेको सक्कलै भौचर।)

**मोहन बहादुर कार्की**
**शिक्षालय प्रमुख**

# गैँडा मार्ने उद्देश्यले निकुञ्ज छिरेको आशङ्कामा दुई व्यक्ति पक्राउ

चितवन, ५ साउन। चितवन राष्ट्रिय निकुञ्जबाट दुई जना व्यक्ति पक्राउ परेका छन्। विश्वमा दुर्लभ, एकसिङ्गे गैँडा मार्ने उद्देश्यले निकुञ्ज छिरेको आशङ्कामा प्रहरीले खड्गनारायण चौधरी र टेकबहादुर मगरलाई पक्राउ गरेको हो। नवलपरासीको (वर्दघाट–सुस्तापूर्व) मध्यविन्दु नगरपालिका–१ सेतीपानीका ६८ वर्षीय खड्गनारायण चौधरी र चितवनको इच्छाकामना गाउँपालिका–५ फुर्केडाँडाका ५२ वर्षीय टेकबहादुर मगरलाई सार्वजनिक गरिएको हो।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अबिनास थापामगरले दुवैलाई नवलपरासी (बर्दघाट–सुस्तापूर्व) को मध्यविन्दु नगरपालिका–३ ब्रह्मस्थानघाटबाट पक्राउ गरिएको जानकारी दिनुभयो। उनीहरुको साथबाट कार्तोस भनिने बन्दुक एक थान र सोमा लाग्ने गोलीगट्ठा बरामद गरिएको छ। पक्राउ परेका चौधरीको घर खानतलासी गर्दा बाघको दाँतजस्तो देखिने आखेटोपहार सात थान, माउजर भनिने बन्दुक एक थान, गोलीगट्ठा र भारतीय ५०० का नोट १३६ थान बरामद गरिएको थापामगरले जानकारी दिनुभयो।

पक्राउ परेका दुवैलाई संरक्षित वन्यजन्तु एकसिङ्गे गैँडा मार्ने उद्योग र संरक्षित वन्यजन्तुको आखेटोपहार खरिद बिक्री मुद्दामा अनुसन्धान सुरु गरिएको निकुञ्जले जानकारी दिएको छ। दुवैलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (५घ) र दफा २६ (१) बमोजिम सजायको माग गर्दै नवलपुर जिल्ला अदालतमा अभियोग दर्ता गरिएको छ।

## नहरको निकास ...

वर्षदेखिको निकास केही व्यक्तिले पहुँचको भरमा बन्द गरिदिँदा सिंगो गाउँले दुःख पाएको बताए। खर्की स्थानीय सितादेवी महराले पटक–पटक सरोकारवाला निकायमा जानकारी गराउँदा कुनै ठोस पहल नभएको गुनासो गरिन्। 'पानीको निकास तत्काल खुलाइएन भने अझ ठूलो क्षति हुनेछ,' उनले भनिन्।

मजदुरी गरेर खानेको कसैले नसुन्ने भन्दै उनको गुनासो छ। 'घरभित्र पानी पस्दा खाना पकाउनसमेत समस्या भएको छ। चार कट्ठा खेतीयोग्य जमिन डुबानमा परेको छ। वडा अध्यक्षलाई भन्दा 'मबाट हुँदैन' भन्ने जवाफ आउँछ,' अर्की स्थानीय सवित्री महराले भनिन्। यता, कल्याणपुर नगरपालिका–४ का वडा अध्यक्ष परजित यादवले नागरिकको समस्यालाई गम्भीर रूपमा लिएर सबै तहमा पहल भइरहेको बताए। उनले यसबारे नगरपालिका, जिल्ला प्रशासन कार्यालय र संघीय सांसदहरू पुरुषोत्तम यादव र तपेश्वर यादवलाई समेत जानकारी गराइएको बताए।

जिल्ला प्रशासन कार्यालय सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले प्रशासनले समस्या समाधानका लागि समन्वय गरिरहेको जानकारी दिए। 'वर्षौंदेखि बगिरहेको नहर पुनः सञ्चालन गराउने प्रयास भइरहेको छ। जग्गाधनी, स्थानीय तथा जनप्रतिनिधिसँग समन्वय गरेर निकास खुलाउने पहल भइरहेको छ,' उनले भने।

स्थानीयवासीले नहरको मुहान तत्काल खुलाएर पानीको सहज निकासको व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गरेका छन्। ढिलाइ भए डुबानको समस्या अझ गम्भीर हुने भन्दै उनीहरूले तत्काल स्थलगत अनुगमन गरी प्रभावकारी समाधान गर्न पनि आग्रह गरिरहेका छन्।

# उच्च अदालत राजविराजका न्यायाधीश मुद्दा फछ्र्योटमा अब्बल

**धीरेन्द्रप्रसाद साह**

राजविराज, ५ साउन। उच्च अदालत जनकपुर, राजविराज इजलासका न्यायाधीशहरू न्याय सम्पादनमा अब्बल देखिएका छन्। उच्च अदालतका न्यायाधीशहरूले आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म न्यायाधीशगत रूपमा कुल आठ हजार दुईवटा मुद्दा फछ्र्योट गरी न्याय सम्पादनमा प्रभावकारी भूमिका निर्वाह गरेका हुन्।



उच्च अदालतका रजिस्ट्रार लोकनाथ पराजुलीका अनुसार उच्च अदालतमा कार्यरत ११ जना न्यायाधीशबाट उक्त मुद्दा फछ्र्योट भएको हो। मुद्दाको प्रकृतिअनुसार दुई वा दुईभन्दा बढी न्यायाधीशले संयुक्त रूपमा फैसला गर्ने भएकाले फैसला भएका मुद्दाको संख्या प्रत्येक न्यायाधीशको नाममा अभिलेख गरिएको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार कुनै मुद्दा दुई वा सोभन्दा बढी न्यायाधीशको संयुक्त इजलासबाट फैसला भएमा सबै न्यायाधीशको नाममा मुद्दा संख्या अभिलेख गर्ने व्यवस्था रहेको छ।

**नियमित इजलास छ वटासम्म**

उच्च अदालत जनकपुर, राजविराज इजलासमा ११ जना न्यायाधीश कार्यरत छन्। अधिकांश मुद्दा संयुक्त इजलासबाट सुनुवाइ हुने भएकाले नियमित रूपमा पाँचदेखि छ वटासम्म मात्र इजलास सञ्चालन हुने गरेको छ।

**न्यायाधीशगत मुद्दा फछ्र्योट अवस्था**

न्यायाधीशहरूको कार्यदिन र मुद्दा फछ्र्योटको आधारमा हेर्दा प्रतिन्यायाधीश दैनिक तीनदेखि सातवटासम्म मुद्दा फैसला भएको रजिस्ट्रार पराजुलीले जानकारी दिनुभयो। न्यायाधीशगत फैसला विवरणअनुसार सबैभन्दा बढी मुद्दा न्यायाधीश नरिश्वर भण्डारीले फछ्र्योट गर्नुभएको छ। उहाँले १६६ कार्यदिनमा एक हजार २१ वटा मुद्दा टुंग्याउनुभएको छ। औसतमा उहाँले प्रतिदिन करिब ६।१५ वटा मुद्दा फछ्र्योट गर्नुभएको देखिन्छ, जुन अन्य न्यायाधीशको तुलनामा बढी हो।

यस्तै, न्यायाधीश अच्युतमकुमार आचार्यले १९१ कार्यदिनमा ८१७ वटा मुद्दा फछ्र्योट गर्नुभएको छ। त्यसपछि न्यायाधीश सरला मोक्तानले २०७ कार्यदिनमा ८१४ वटा, न्यायाधीश पुण्यशिला दवाडी घिमिरेले १७३ कार्यदिनमा ८०३ वटा, न्यायाधीश सुभाष पौडेलले १६७ कार्यदिनमा ७९८ वटा तथा न्यायाधीश रामबहादुर थापाले १६२ कार्यदिनमा ७८३ वटा मुद्दा फछ्र्योट गर्नुभएको छ।

त्यस्तै, न्यायाधीश नरेशकुमार चौधरीले १७६ कार्यदिनमा ६५१, देशबहादुर सार्कीले १६४ कार्यदिनमा ६२७, उज्ज्वल शुक्लले १६८ कार्यदिनमा ५४१, माधव धितालले १२७ कार्यदिनमा ४६३ र आर्थिक वर्षभित्र सरुवा भई अन्यत्र जानुभएका न्यायाधीशहरूले १४३ वटा मुद्दा फछ्र्योट गर्नुभएको रजिस्ट्रार पराजुलीले बताउनुभयो।

**कार्यसम्पादनमा देखिएको भिन्नता**

विवरण विश्लेषण गर्दा न्यायाधीशहरूबीच मुद्दा फछ्र्योट संख्यामा उल्लेख्य अन्तर देखिएको छ। कार्यदिन फरक–फरक भए पनि प्रतिदिनको औसत फछ्र्योटका आधारमा नरिश्वर भण्डारी, रामबहादुर थापा र सुभाष पौडेलको कार्यसम्पादन तुलनात्मक रूपमा प्रभावकारी देखिन्छ।

अधिवक्ता डोमन साहका अनुसार मुद्दाको प्रकृति, जटिलता, इजलासको जिम्मेवारी, नयाँ तथा पुराना मुद्दाको अनुपात, संयुक्त वा एकल इजलास तथा प्रशासनिक जिम्मेवारीजस्ता पक्षले पनि मुद्दा फछ्र्योटको संख्यामा प्रभाव पार्ने भएकाले संख्यात्मक आधारमा मात्रै न्यायाधीशको कार्यसम्पादनको पूर्ण मूल्याङ्कन गर्न नमिल्ने बताउनुभयो।

**न्याय सम्पादनमा सकारात्मक संकेत**

उच्च अदालत जनकपुर, राजविराज इजलासले आर्थिक वर्ष २०८२/८३ मा कुल चार हजार तीनवटा मुद्दा फछ्र्योट गरेको छ यो लक्ष्यको १०० दशमलव ९१ प्रतिशत हो। अदालतले पुराना र नयाँ गरी तीन हजार ९६७ वटा मुद्दा फछ्र्योट गर्ने लक्ष्य लिएको थियो। प्रतिशतका आधारमा यस वर्ष ६८ दशमलव ८३ प्रतिशत मुद्दा फछ्र्योट भएको छ। जिम्मेवारी सरेर आएका एक हजार ९८३ र नयाँ दर्ता भएका तीन हजार ८३३ गरी कुल पाँच हजार ८१६ मुद्दामध्ये चार हजार तीनवटा फछ्र्योट हुँदा एक हजार ८१३ वटा मुद्दा बाँकी रहेको रजिस्ट्रार पराजुलीले जानकारी दिनुभयो।

न्यायाधीशहरूको इजलासगत हिसाबमा आठ हजारभन्दा बढी मुद्दा फछ्र्योट हुनु अदालतको कार्यसम्पादनका दृष्टिले सकारात्मक मानिएको छ। यसले अदालतमा वर्षौंदेखि थुप्रिएका मुद्दाको चाप घटाउन तथा सेवाग्राहीलाई समयमै न्याय उपलब्ध गराउने प्रयासलाई प्रभावकारी बनाएको देखिन्छ।

अदालतमा नयाँ मुद्दा दर्ताको दरसमेत उच्च रहेकाले फछ्र्योटको गति अझ बढाउँदै बाँकी मुद्दाको संख्या न्यूनीकरण गर्नु आगामी दिनको प्रमुख चुनौती रहेको कानुनी व्यवसायी सुधा देवले बताउनुभयो।

# जनकपुरमा मिर्गौला रोग उपचार केन्द्र स्थापना गर्न अध्ययन समितिको सिफारिस

काठमाडौँ, ५ साउन। मधेश प्रदेशमा विशेषज्ञ मिर्गौला उपचार सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले गठित सम्भाव्यता अध्ययन समितिले जनकपुरधाममा मिर्गौला रोग उपचार केन्द्र स्थापना गर्न सिफारिस गरेको छ। समितिले प्राविधिक, पूर्वाधार, जनशक्ति, आर्थिक तथा सामाजिक पक्षको अध्ययनपछि संघ र प्रदेश सरकारको सहकार्यमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरबाट केन्द्र सञ्चालन गर्न उपयुक्त हुने निष्कर्ष निकालेको हो।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले गठन गरेको सम्भाव्यता अध्ययन समितिले तयार पारेको प्रतिवेदनमा धनुषाको जनकपुरधाम उपमहानगरपालिका मुजेलियामा सार्वजनिक मोडल अन्तर्गत मिर्गौला रोग उपचार केन्द्र स्थापना गर्ने प्रस्ताव गरिएको छ। प्रस्तावित केन्द्रलाई मध्यमकालीन (६–१० वर्ष) परियोजनाका रूपमा अघि बढाउने तथा स्वास्थ्य क्षेत्रअन्तर्गत सामाजिक क्षेत्रको प्राथमिकता प्राप्त आयोजनाका रूपमा कार्यान्वयन गर्ने उल्लेख गरिएको छ।

नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रममा क्यान्सर तथा मिर्गौला प्रत्यारोपणजस्ता जटिल उपचार सेवालाई प्रदेशस्तरमा विस्तार गर्ने लक्ष्यअनुसार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले वरिष्ठ कन्सल्टेन्टनेफ्रोलोजिस्ट डा. विक्रम वीर वज्राचार्यको संयोजकत्वमा सम्भाव्यता अध्ययन समिति गठन गरेको थियो। समितिमा डा. कल्पना कुमारी श्रेष्ठ, डा. धिरज नारायण मानन्धर, डा. हेमन्त चन्द्र ओझा तथा मन्त्रालयका उपसचिव ईश्वरीप्रसाद ढकाल (सदस्य–सचिव) रहेका थिए।

समितिले मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, बर्दिबास नगर अस्पताल, गजेन्द्र नारायण सिंह अस्पताल, रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल, प्रादेशिक अस्पताल मलंगवा तथा नारायणी अस्पतालको स्थलगत अध्ययन, सरोकारवालासँग छलफल र प्राविधिक मूल्याङ्कनपछि प्रतिवेदन तयार गरेको हो।

प्रतिवेदनअनुसार नेपालमा करिब ६.२ प्रतिशत जनसंख्या कुनै न कुनै प्रकारको मिर्गौला रोगबाट प्रभावित छन् भने मधेश प्रदेशमा निकै कम नेफ्रोलोजिस्ट कार्यरत छन्। प्रदेशमा हेमोडायलाइसिस मेसिन, विशेषज्ञ सेवा र मिर्गौला प्रत्यारोपण सेवाको पहुँच सीमित रहेकाले अधिकांश बिरामी उपचारका लागि काठमाडौँ तथा अन्य प्रदेश धाउनुपर्ने अवस्था रहेको उल्लेख छ।

समितिले केन्द्र सञ्चालनका लागि संघ, प्रदेश तथा संघ–प्रदेश सहकार्यका तीन मोडल अध्ययन गरेको थियो। त्यसमध्ये संघ र प्रदेश सरकारको सहकार्यमा सञ्चालन हुने मोडललाई सबैभन्दा उपयुक्त ठहर गर्दै मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत सञ्चालन गर्न सिफारिस गरिएको छ। प्रस्तावअनुसार केन्द्रको कार्यान्वयन तथा व्यवस्थापनका लागि स्वास्थ्य मन्त्रालयको नेतृत्वमा विशेषज्ञहरूको सहभागितासहित अस्पताल विकास समिति गठन गरी परियोजना अघि बढाउने अवधारणा पनि प्रस्तुत गरिएको छ।

## सिरहा ट्राफिकद्वारा...

केही बढे पनि विगतका तुलनामा दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या त्यस आर्थिक बर्षमा घटेको प्रहरी निरीक्षक मरासिनीले बताउनुभयो। पछिल्लो वर्षमा ट्राफिक सचेतना र नियमित जाँचका कारण सवारी दुर्घटनामा कमी आएको विश्वास गरिएको छ।

# वडाध्यक्ष र सचिवबीच हिसाब किताब नमिल्दा वडा कार्यालय बन्द



**मुकेश यादव**

सिरहा, ५ साउन। सिरहाको नरहा गाउँपालिकामा वडाध्यक्ष र सचिवबीच कुरा नमिल्दा वडा कार्यालय बन्द गरिएको छ। शुक्रबारदेखि कार्यालयको नियमित सेवा प्रभावित बनेको हो। आर्थिक वर्षको अन्त्यसँगै योजनाको हिसाब किताब र रकम बाँडफाँटको विषयलाई लिएर वडा अध्यक्ष सम्झना सिंह र वडा सचिव रामानन्द सिंहबीच विवाद चर्किएको कर्मचारीहरु बताउँछन्।

नरहा गाउँपालिका–२ का वडाध्यक्ष सम्झना सिंह र वडा सचिव रामानन्द सिंहबीच कमिसनको बार्गेनिङ नमिल्दा दुबैजना वडा कार्यालय छोडेर सम्पर्कविहीन बनेका हुन्। आर्थिक वर्ष सकेको र उपभोक्ता तथा ठेकेदारसँग वडाध्यक्ष सिंहले कमिसन उठाइ सचिवलाई नदिएकोले कार्यालय बन्द गरेको कर्मचारीहरुको भनाइ छ। योजनाको कमिसन विवादका कारण शुक्रबारदेखि आजसम्म वडा कार्यालय बन्द छ।

वडाध्यक्ष सम्झना सिंहले, 'यो बिषयमा कुरा गर्न वडा कार्यालयमै आउनुपर्ने बताइन्। 'सचिवले किन र के कारणले कार्यालय बन्द गरेका हुन त्यो बुझ्न वडामै आउनुपर्छ' उनले भनिन्। गाउँपालिकाका कार्यालय प्रमुख उदित्यकुमार कर्णले आफू बिदामा रहेकोले यो बिषयमा कुनै जानकारी नरहेको बताए। कार्यालय बन्द हुँदा सेवाग्राहीको सम्पूर्ण कामकाज ठप्प भएको छ। सेवाग्राहीले सामाजिक सुरक्षा भत्ता नवीकरण, नागरिकता सिफारिस, जन्मदर्ता, मालपोत सम्बन्धी सिफारिसलगायतका सेवा लिन आएका दर्जनौं सेवाग्राही सेवा नपाई फर्किन बाध्य भएका छन्।

# अतिक्रमित वनक्षेत्रको संरचना हटाइयो




सिरहा, ५ साउन। डिभिजन वन कार्यालय लहान सिरहाले जिल्लाको विभिन्न वन क्षेत्रमा अतिक्रमण गरी बनाएका संरचना हटाएको छ। जिल्लाको गोलबजार नगरपालिकास्थित चोहर्वा ब्यारेक नजिकै वन क्षेत्र अतिक्रमण गरेर बनाइएको संरचना हटाइएको कार्यालय प्रमुख बेचन चौधरीले जानकारी दिनुभयो।

यस्तै बलान सामुदायिक वन क्षेत्रको जग्गा अतिक्रमण गरेर खनजोत गरेर खेती गरिरहेको जग्गा खाली गराएको प्रमुख चौधरीले बताउनुभयो। सो कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा वन संरक्षण, जैविक विविधता प्रवर्द्धन, सार्वजनिक स्थलको सौन्दर्यीकरण तथा वन पैदावारको चोरी तस्करी नियन्त्रणका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गरेको छ।

कार्यालय प्रमुख चौधरीका अनुसार सिरहाको नवराजपुर गाउँपालिका–स्थित सोनबर्षा विद्यालय परिसरमा रु १६ लाखको लागतमा 'हरित पार्क' निर्माण गरिएको छ। पार्कमा घेराबार, राष्ट्रिय झण्डा राख्ने संरचना, पदमार्ग तथा विद्यार्थीलाई खेलकुदका लागि खुला स्थान निर्माण गरिएको प्रमुख चौधरीले बताउनुभयो। यसैगरी धनगढीमाई नगरपालिकाको तिनकोनीस्थित पोखरी रु २४ लाखको लागतमा संरक्षण तथा सौन्दर्यीकरण गरिएको छ। सो योजनाअन्तर्गत पोखरीमा घाट निर्माण तथा वरपरको क्षेत्र व्यवस्थित बनाइएको प्रमुखको भनाइ छ।

उहाँका अनुसार धनगढीमाई मन्दिर परिसरमा रु चार लाखको लागतमा पार्क निर्माण गर्नुको साथै जिरोमाइलस्थित पार्क रु तीन लाख ६० हजारको लागतमा मर्मत गरिएको छ। वन क्षेत्रको संरक्षणका लागि बलानमाई सामुदायिक वन, सुबेदार चौरी सामुदायिक वन तथा बलान खोला सन्यासी सामुदायिक वनमा वृक्षारोपण गरिएको छ।

भ्वाई खोल्सी सामुदायिक वन र राजदेवी चुरे सामुदायिक वनमा सिमसार संरक्षणका कार्यक्रम सञ्चालन गरिएका छन्। मुतनी खोला सामुदायिक वनलाई प्राङ्गारिक मल उत्पादनका लागि अनुदानसमेत उपलब्ध गराइएको प्रमुख चौधरीले बताउनुभयो। कार्यालयले वन पैदावारको अवैध कटानी तथा ओसारपसार नियन्त्रणका लागि नियमित गस्तीलाई निरन्तरता दिएको जनाएको छ।

सूचना अधिकारी राधेश्याम चौधरीका अनुसार आर्थिक वर्ष २०८२/८३ मा ९० क्युफिट चिरान काठ र १३० क्युफिट गोलिया काठ बरामद गरिएको छ। वन पैदावार चोरी तस्करीमा संलग्न तीन जनालाई पक्राउ गरी कानुनी कारबाही अघि बढाइएको उहाँले जानकारी दिनुभयो।

चुरे क्षेत्रबाट हुने ढुङ्गा, गिट्टी र बालुवाको अवैध उत्खनन तथा ओसारपसार नियन्त्रणका लागि पनि नियमित अनुगमन तथा गस्ती सञ्चालन चोरी तस्करीमा कमी आएको सूचना अधिकारी चौधरीले बताउनुभयो। वन संरक्षणसँगै सार्वजनिकस्थलको सौन्दर्यीकरण, सिमसार संरक्षण, वृक्षरोपण तथा सामुदायिक वनको सुदृढीकरणमार्फत वातावरण संरक्षण र स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्ने उद्देश्यका साथ कार्यक्रम कार्यान्वय गरिएको सूचना अधिकारी चौधरीको भनाइ छ।

# राजविराजमा सडकमै हटिया, सर्वसाधारणलाई सास्ती



**सुधा देव**

सप्तरी, ५ साउन। राजविराजको सडकपेटीमै हटिया सञ्चालन हुन थालेपछि सर्वसाधारणले सास्ती भोग्नुपरेको छ। साना व्यापारीले सडकको छेउ अतिक्रमण गरी पसल सञ्चालन गर्दा सडकमा भिडभाड बढेको र आवतजावतमा समस्या भएको स्थानीयले बताएका छन्।

स्थानीय राम मन्दिरदेखि उच्च अदालत जनकपुर, राजविराज इजलाससम्म सडकपेटीको दुवै छेउमा तरकारी हटिया सञ्चालन हुँदै आएको छ। यसका कारण सडकमा भिडभाड बढ्दा दुर्घटनाको जोखिमसमेत बढेको अधिवक्ता राजेन्द्रप्रसाद देवले बताउनुभयो। उहाँले भन्नुभयो, "नगरपालिकाका अधिकांश सडक निर्माण तथा मर्मत भइरहेका छन्। त्यसमाथि सडक नै बढी चल्तीको तरकारी बजार बनेकाले हिँडडुल गर्न कठिनाइ भइरहेको छ।"

भिडभाडका कारण सामान्यतया दुई मिनेटमा पुगिने दूरी पार गर्न पाँच मिनेटसम्म लाग्ने गरेको र दुर्घटनाको जोखिम पनि बढेको राजविराज उच्च अदालत बार एसोसिएसनका अध्यक्ष हरेराम यादवले बताउनुभयो। राजविराजका सडकमा अतिक्रमण घट्नुको सट्टा दिनप्रतिदिन बढ्दै गएको स्थानीयको भनाइ छ। सडकमा पसल सञ्चालन गर्ने, दुईपाङग्रे तथा चारपाङग्रे सवारीसाधन पार्किङ गर्ने क्रम बढ्दा अत्यधिक भिडभाड हुने गरेको मालवाहक सवारी चालक रमेश यादवले बताउनुभयो।

उहाँका अनुसार सडकमा हुने अव्यवस्थित पार्किङ र अतिक्रमणका कारण सवारीसाधन १०र१५ मिनेटसम्म अनावश्यक रूपमा रोकिने र समय खेर जाने गरेको छ। यसैबिच, करोडौँ रुपियाँको लगानीमा निर्माण भएको राजविराज–२ स्थित बसपार्क उद्घाटन भएको एक वर्षभन्दा बढी समय बितिसक्दा पनि सञ्चालनमा आउन सकेको छैन। सडकमा सवारीसाधन पार्किङ गर्ने, तरकारी हटिया लगाउने र सडक अतिक्रमण गरी पसल सञ्चालन गर्ने क्रम बढेपछि सर्वसाधारण समस्यामा परेका छन्।

राजविराज नगरपालिकाको कार्यवाहक नगरप्रमुख इसरत परविणले सडक अतिक्रमण गरी सञ्चालन गरिएका पसल पटक–पटक हटाइएको बताउनुभयो। हटियाका लागि तत्काल छुट्याइएको स्थान खाली रहेको उल्लेख गर्दै उहाँले साना व्यापारीले मनपरी रूपमा सडक अतिक्रमण गरी पसल सञ्चालन गर्नु गलत भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "नयाँ हटिया सञ्चालनमा आएपछि सडक अतिक्रमण स्वतः हट्नेमा विश्वस्त छु। बसपार्क सञ्चालनका लागि पनि पहल भइरहेको छ।" बसपार्क सञ्चालनका लागि पटक–पटक टेन्डर आह्वान गरिए पनि टेन्डर नपरेका कारण समस्या भएको उहाँले बताउनुभयो।

# अनुदान पाएपछि उखु किसान खुसी

सर्लाही, ५ साउन। यो वर्ष उखुको अनुदान रकम बेलैमा प्राप्त गरेपछि किसान मक्ख परेका छन्। उखु क्रसिङ सिजन २०८२/८३ मा उखु उत्पादन गरेका किसानलाई सरकारले प्रतिक्विन्टल ७० रुपियाँका दरले अनुदान उपलब्ध गराउने निर्णय गरेको थियो। सरकारको निर्णय अनुसार सर्लाहीका १८ हजार ३५१ जना उखु किसानले ४१ करोड २२ लाख २१ हजार ८६९ रुपियाँ अनुदान रकम प्राप्त गरेका हुन्। कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) सर्लाहीका लेखापाल रामबाबु यादवले असार मसान्तमै सम्पूर्ण किसानको अनुदान रकम भुक्तानी भइसकेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "चिनी मिलहरूले उपलब्ध गराएको विवरण अनुसार प्रत्येक किसानको बैङ्क खातामा अनुदानको रकम जम्मा भइसकेको छ।"

अघिल्ला वर्षमा उखु किसानले अनुदान रकम निकासा गराउन आन्दोलन नै गर्नुपर्ने अवस्था हुन्थ्यो। दसैं, तिहार, छठ जस्ता प्रमुख पर्वमा समेत अनुदान रकम नपाउँदा किसान निराश हुनुपर्थ्यो। यो वर्ष भने सरकारले बेलैमा अनुदान रकम पठाइदिँदा किसान दङ्ग परेका हुन्। हरिवन नगरपालिका–११ का अगुवा उखु किसान राजकुमार उप्रेतीले आन्दोलन नगरी सजिलै अनुदान रकम पाउँदा खुसी लागेको बताउनुभयो।

उखु बिक्री गरेको इन्दुशङ्कर चिनी मिल हरिवनले समयमै प्रतिक्विन्टल ६२० रुपियाँका दरले भुक्तानी दिइसकेको र सरकारले पनि प्रतिक्विन्टल ७० रुपियाँ अनुदान रकम पठाउँदा ठुलो राहत भएको उप्रेतीको भनाइ छ। उहाँले भन्नुभयो, "उखुको पैसा प्राप्त गर्न आन्दोलन गर्नु नपरेको पहिलो पटक हो।"

सर्लाहीमा तीन वटा चिनी मिलमध्ये अन्नपूर्ण चिनी मिल धनकौलले भने किसानको भुक्तानी नदिएपछि प्रहरीले मिलका मालिक शैलेन्द्र गुप्ता र विनोद साह कलवारलाई हिरासतमा लिएर कारबाही अघि बढाएको छ। नेपाल उखु उत्पादक महास का अध्यक्ष श्यामबाबु रायले अन्नपूर्ण चिनी मिलबाट किसानलाई भुक्तानी दिलाउन प्रमुख जिल्ला अधिकारीसहितका सुरक्षा अधिकारीले निरन्तर समन्वय गरिरहनुभएको बताउनुभएको छ।

अन्नपूर्णले पैसा नदिए पनि सो उद्योगमा उखु बेचेका किसानले सरकारबाट पाउनुपर्ने अनुदान रकम भने बैङ्क खातामा आइसकेको छ। अन्नपूर्ण चिनी मिलबाट भुक्तानी दिलाउने विषयमा सोमबार प्रमुख जिल्ला अधिकारीले बोलाएपछि आफूहरू सदरमुकाम मलङ्गवा पुगेर छलफल गरेको रायले जानकारी दिनुभयो। सर्लाहीका प्रमुख जिल्ला अधिकारी (सिडिओ) विजयराज सुवेदीले उखु किसानलाई चिनी मिलले दिनुपर्ने बक्यौता रकम भुक्तानीका लागि उद्योगी र किसान प्रतिनिधिबिच समन्वय गरिरहेको बताउनुभएको छ। किसानले अन्नपूर्ण चिनी मिलबाट करिब २२ करोड रुपियाँको हाराहारीमा भुक्तानी पाउन बाँकी रहेको दाबी गरेका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा.-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)